# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं.

मिति: २०८०/१०/०३

ने.सं. ११४४ पोहेलाथ्व, ७, बुधवार

**भीरकोट नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक सम्बन्धी सूचना ।**

भीरकोट नगरपालिकाले आ.व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका सूचकहरुको स्वमूल्याङ्कन गर्दा ८२.७५% अंक प्राप्त गरी उक्त अंक १०९ औं कार्यपालिका बैठकबाट अनुमोदन समेत भएकोले स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन कार्यविधि २०७७ को परिच्छेद ३ दफा ४ (झ) बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

वेबसाईट: www.bheerkotmun.gov.np, ईमेल: info@bheerkotmun.gov.np
फोन: ०६३४००१०६, ०६३४००१७७, फ्याक्स: ०६३४००१७७
सामाजिक संजाल: bheerkotmun,

आज मिति २०८० साल पौष २८ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०९ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

# १०९ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाबाट विभिन्न मितिमा जारी भई कार्यान्वयन भएका तपसिलमा उल्लिखित ऐनहरुमा निम्नानुसारको संशोधन गर्न विधायन समितिबाट निर्णय भई आएकोले उक्त ऐनहरु संशोधनको लागि कार्यापालिका बैठकबाट स्वीकृत गरी १३औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) "घ" वर्गको निमार्ण व्यवासायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ पहिलो संशोधन २०७८ को द्रष्टव्यको बुँदा नं १ मा उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्र साथै बिमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । स्वामित्वको कागजात आफ्नो नाममा नभए कम्तिमा दुई बर्षको प्रमाणित भाडा सम्झौता (बिलबुक, नविकरण तथा बिमा सम्बन्धी कागजात समेत) पेश गर्नु पर्नेछ । Theodolite (थेडोलाइट) वा Level Machine (लेभल मेसिन) (कुनै एक सेट), वाटर पम्प (दुई थान र भाइब्रेटर (दुई थान)को स्वामित्व अनिवार्य रुपमा सम्बन्धित फर्म कै हुनुपर्नेछ र खरिद गरेको भ्याट बिल समेत निवेदन साथ समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा विमा सम्बन्धी कागजात नभए तापनि इजाजत पत्र जारी गर्न बाधा पर्ने छैन भनि संशोधनको लागि सभामा पेश गर्ने ।

ख) आर्थिक ऐन, २०८० को अनुसूची ९ को बुँदा नं २८ मा व्यक्तिगत घटना प्रमाणित सिफारिस नेपाली शिर्षक आ.व. २०८०/०८१ मा छुट भएकोमा उक्त शिर्षक थप गरी सिफारिस शुल्क रु. १५०/- तोक्ने गरी उक्त दफा थप गर्ने ।

ग) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं ३७ मा संस्था दर्तामा /आमा समुह/कृषक समूह मात्र भएकोमा अपाङ्ग समाज थप गरी संशोधन गर्ने ।

घ) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं ९९ मा (स्वरेक मैदान पर्यटकिय क्षेत्र, सरसफाई केन्द्र/भीरकोट पार्क र गडहरे गुफा क्षेत्र परिसरको प्रवेश शुल्कमा विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिइनेछ, छुट लिनको लागि परिचयपत्र साथमा हुनुपर्नेछ भन्ने वाक्यांस रहेकोमा उक्त छुटको व्यवस्था सुन्दरचौर बनस्पति सूचना केन्द्र, प्रवेश शुल्कमा समेत ५० प्रतिशत छुट दिने व्यवस्था गरी संशोधन गर्ने ।

ङ) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं १००/- मा स्वरेक मैदान पर्यटकिय क्षेत्र, सरसफाई केन्द्र/भीरकोट पार्क र गडहरे गुफा क्षेत्र परिसरमा बनभोज शुल्क रु. १०००/-, भाडा वर्तन र ग्यास समेतको वनभोज शुल्क रु. ४०००/- भिडियो ड्रोन तथा फोटोसुटको रु. २०००/- र पार्कमा सभा गोष्ठी र सेमिनारको प्रतिदिन रु. २०००/- शुल्क तोकिएकोमा सोही बमोजिमको शुल्क बनस्पति सुचना केन्द्र भीरकोट ६ मा पनि लागू गर्नेगरी संशोधन गर्ने ।

च) आर्थिक ऐन २०८० मा किराना पसल दर्ता शुल्क नतोकिएको हुँदा अनुसूची ९ मा बुँदा नं १०२ थप गरि आज देखि किराना पसल दर्ता शुल्क रु. १०००/- तोक्ने बुँदा थप गर्ने ।

छ) आर्थिक ऐन २०८० को अनुसूची ३ क को नोट महलमा उल्लिखित कुनै व्यक्ति फर्म वा कम्पनीले १ महिनाको समयावधि भित्र १५० घनमिटर भन्दा बढी निर्माण सामाग्री खरिद गरी लगेमा तोकिएको बिक्री शुल्कमा ५ प्रतिशत र २५० घनमिटर भन्दा बढी निर्माण सामाग्री खरिद गरी लगेमा ७ प्रतिशतले हुन आउने रकम वा सो बराबरको निर्माण सामाग्री छुट दिईनेछ भन्ने वाक्यांस २०८०/१०/०१ देखि लागु हुने गरी हटाउने ।

ज) अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ७ (ट) मा परिचय पत्रमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने बाक्यांस रहेकोमा सो बाक्यांसको सट्टा प्रचलित कानूनको अधिनमा रही स्वास्थ्य शाखाको अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने बाक्यांस राखि संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं २

भीरकोट नगरपालिका अन्तर्गतका तपसिलमा उल्लिखित आधारभूत विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क स | विद्यालयको नाम | तह | संचालित कक्षा |
|---|---|---|---|
| १. | रत्न देविस्थान आ.वि. भीरकोट – ८ | प्राथमिक | १-३ |
| २. | देउराली भञ्याङ आ.वि. भीरकोट – ८ | प्राथमिक | १-३ |
| ३. | तिलाहरनेटा आ वि भीरकोट-५ | प्राथमिक | १-३ |
| ४. | भवानी आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ५. | लुम्दिखोला आ वि भीरकोट-६ | प्राथमिक | १-३ |
| ६. | रानिरह आ वि भीरकोट-१ | प्राथमिक | १-३ |
| ७. | प्रगतिशिल आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ८. | सरस्वती आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ९. | अमर आ वि भीरकोट – ८ | प्राथमिक | १-५ |
| १०. | जनविकास आ वि भीरकोट- ६ | प्राथमिक | १-५ |
| ११. | जनसेवा आ वि भीरकोट- ३ | प्राथमिक | १-५ |

निर्णय नं ३

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) मा भीरकोट नगरपालिकाले ८२.७५ अंक प्राप्त गरेको हुँदा उक्त अंक सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं ४

# स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | स्कोर प्रतिशत |
|---|---|
| शासकीय प्रवन्ध | ८८.८९% |
| संगठन तथा प्रशासन | ८१.२५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ६३.६४% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ९७.७३% |
| सेवा प्रवाह | ९०.६३% |
| न्यायिक कार्य सम्पादन | १००% |
| भौतिक पूर्वाधार | ८६.५४% |
| सामाजिक समावेशीकरण | ७५% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ५०% |
| सहकार्य र समन्वय | ९५.८३% |

# भीरकोट नगरपालिका

0 100

## जम्मा प्राप्ताङ्क

८२.७५%

औसत

| | |
|---|---|
| समग्र स्थिति | ९४.०५% |
| प्रक्रियागत स्थिति | ७३.५३% |
| परिमाणात्मक स्थिति | ८४.४४% |

## नक्सा



Activate Windows
Go to Settings to activate Windov